Madhesh Agricultural University
मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३, सप्तरी, मधेश प्रदेश, नेपाल

मिति : २०८२/०१/११

पत्र संख्या : २०८१/०८२
चलानी नं. :

## कृषि स्नातक (B. Sc. Ag. Hons.) तहको पुन: प्रवेश परीक्षाको Online आवेदन फारम भर्ने सम्बन्धी सूचना ।

शैक्षिक सत्र २०८१/०८२ का लागि कृषि संकायमा कृषि स्नातक (B.Sc.Ag.Hons.) तहमा अध्ययन गर्न आरक्षण कोटा र विश्वविद्यालय विकास कोष अन्तर्गत केही सिट खाली रहन गएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुवाट मिति २०८२/०१/१२ गते देखि मिति २०८२/०१/२१ गतेसम्म विश्वविद्यालयको वेबसाईट http://entrance.mau.edu.np मा गई पुन: प्रवेश परीक्षाको Online आवेदन फारम भर्न सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि ०३१-५९०५५५ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

१/११

डा.श्रीभगवान ठाकुर
(रजिष्ट्रार)



CS Scanned with CamScanner

# Madhesh Agricultural University
# मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३, सप्तरी, मधेश प्रदेश, नेपाल


## कृषि (B. Sc. Ag. Hons.) स्नातक तहमा विद्यार्थी भर्नाको पुन:प्रवेश परीक्षा सम्वन्धी सूचना

प्रकाशित मिति: २०८२/०१/११

शैक्षिक सत्र २०८१/०८२ को लागि मधेश कृषि विश्वविद्यालय, राजविराज, सप्तरी अर्न्तगत कृषि संकायमा ४ वर्षे कृषि स्नातक (B.Sc. Ag. Hons.) तहमा अध्ययन गर्न विश्वविद्यालय विकास कोष अन्तर्गत केही सिट खाली रहन गएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुले मिति २०८२/०१/१२ गतेबाट **online** गतेबाट आवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदकले Online आवेदन फारामको साथ आफ्नो शैक्षिक योग्यताको लब्धाङ्क पत्र, नागरिकताको प्रमाणपत्र पेश गर्नु पर्नेछ । आवेदनसँगै हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो १ (एक) प्रति Scan गरी संलग्न गर्नु पर्नेछ । नेपाल वाहेक अन्य संस्थावाट प्रमाणपत्र तह उत्तीर्ण गरेका आवेदकहरुले भर्नाको समयमा समकक्षता (Equivalence) को सक्कल प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

१) Online आवेदन प्रक्रिया:

आवेदन फाराम आवेदक स्वयंले http://entrance.mau.edu.np/ मा online बाट मात्र भर्न सकिनेछ । आवेदनमा समावेश गरिएका कागजात तथा जानकारीहरु झुटो वा अपुग पाइएमा अयोग्य हुने छन ।

२) आवश्यक न्युनतम शैक्षिक योग्यता :

क) भर्नाको आवेदन दिने विद्यार्थीले SEE वा सो सरहको परीक्षामा कम्तीमा द्वितीय श्रेणी वा 'C'Grade मा उर्त्तीण भई आई.एस्सी ( विज्ञान, कृषि, पशु, वन) वा १० +२ विज्ञान वा १० +२ (कृषि वा सो सरहको तहमा) अंग्रेजी, भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान र गणित विषय अध्ययन गरी कूल प्राप्ताङ्को कम्तीमा ५० (पचास प्रतिशत) अंङ्क Letter Grading System अर्न्तगत भए Aggregate मा C' वा C' CGPA/GPA2.4 प्राप्त गरी उर्तिण भएको हुनु पर्नेछ तथाTheory र Practical दुवै भएको विषयको हकमा एकमुष्ट कम्तीमा 'C' Grade हुनुपर्ने छ । १०+२ कृषि विज्ञान विषय अध्ययन गरेको हकमा Transcript मा गणित विषयको Mark उल्लेख नभए गणित विषय पढेको थप मार्कसिट pdf बनाई upload गर्नु पर्नेछ । थप मार्कसिटमा प्रतिशत भए ५०% र Letter Grading भए'C+' GPA2.4 हुनु पर्नेछ ।

(ख) १०+२ को Aggregate Transcript नभई कक्षा १२ को Transcript मात्र भएको खण्डमा कक्षा १२ को Transcript लाई नै आधार मानिनेछ । कक्षा १२ को Transcript मात्र हुनेको हकमा कक्षा ११ को मार्किसिट पनि सोही Transcript सहित pdf वनाई upload गर्नु पर्नेछ ।

(ग) योग्यता नपुगी आवेदन फाराम भरेमा सो आवेदन फाराम अयोग्य ठहरिनेछ र आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन ।

३) आवेदन र परीक्षाको शुल्क :

प्रवेश परीक्षा शुल्क रु. २,000।- (दुई हजार) मात्र Online बाट मात्र बुझाउँन सकिनेछ । मधेश कृषि विश्व विद्यालयको वेवसाइट http://entrance.mau.edu.np/मा गएर online payment बटनमा click गरेपछि connect IPS वा e-sewa वा Khalti बाट मात्र शुल्क भुक्तानी गर्न सकिनेछ । शुल्क भुक्तानी गरेपछि प्राप्त हुने भौचर कोड प्रयोग गरी प्रवेश परीक्षाको फाराम भर्नु पर्नेछ । शुल्क भुक्तानी गरेपछि प्राप्त हुने भौचर कोड प्रयोग गरी प्रवेश परीक्षाको फाराम भर्नु पर्नेछ ।

४) आवेदन दिने मिति र समय:

मिति २०८२/०१/१२ गते देखि २०८२/०१/२१ गते राती १२:०० बजेसम्म चौबिसै घण्टा Online आवेदन फाराम भर्न सकिनेछ । Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा कार्यालय समयभित्र mau@mau.edu.np/031-590555 मा सम्पर्क गरी प्राविधिक सहयोग लिन सकिनेछ ।




CS Scanned with CamScanner

# Madhesh Agricultural University
# मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३, सप्तरी, मधेश प्रदेश, नेपाल

५) प्रवेश पत्र वितरण :

Online आवेदन फारम भर्ने म्याद सके पश्चात प्रकाशित मितिमा Online विधिद्वारा प्रवेशपत्र Download गरी लिन सकिनेछ। आवेदकले कुनै पनि browser खोली http://entrance.mau.edu.np/ type गरी, check your status मा click गरी आफ्नो information entry गरी search गर्दा देखाउने admit card अनिवार्य रुपमा **color print**गरी लिनुपर्नेछ।

६) प्रश्नपत्र तथा परीक्षा सम्बन्धी जानकारी :

प्रवेश परीक्षामा प्रमाणपत्रतह/१०+२ का तल उल्लेखित विषयहरुबाट बहुछनौटिय वस्तुगतकिसिम(Multiple Choice Objective Type)का जम्मा १००वटा प्रश्नहरु हुनेछन्। परीक्षाको समय १ घंटा ३० मिनेट हुने छ।

प्रश्नपत्रको विषयअनुसारका प्रश्न सख्या अंकभारको तालिका

| क.स. | विषय | प्रश्न संख्या र अंकभार |
|---|---|---|
| १ | अंग्रेजी | १५ |
| २ | केमेष्ट्री | १० |
| ३ | फिजिक्स | १० |
| ४ | गणित | १० |

| क.स. | विषय | प्रश्न संख्या |
|---|---|---|
| ५ | जुलोजी | १५ |
| ६ | वोटानी | १५ |
| ७ | कृषि | १५ |
| ८ | समान्य ज्ञान | १० |

Online आवेदन फारम भर्ने म्याद सके पश्चात प्रवेश परीक्षाको मिति र परीक्षा केन्द्र कृषि विश्वविद्यालय राजविराजले कृषि संकाय, राजविराज, सप्तरी कार्यालयले निर्धारण गर्ने छ र www.mau.edu.np मार्फत जानकारी गराइने छ।

७) भर्नाको आधार तथा नतीजा प्रकाशन :

प्रवेश परीक्षाको प्राप्ताङ्क १००% अङ्क भार दिइनेछ। सोको आधारमा योग्यताक्रम (Merit List) को सूचि तयार गरी योग्यताक्रम (Merit) अनुसार नै भर्नाको लागि नामावली प्रकाशन गरिनेछ। प्रवेश परीक्षाको उर्त्तीणाङ्क ४०% हुनेछ। अङ्क बराबर भएमा क्रमशः I. Sc./10+2 कुल प्राप्ताङ्क (CGPA) र क्रमशः SEE/SLC वोटानी, जुलोजी, केमेष्ट्री, फिजिक्स, गणितमा प्राप्त अङ्कलाई आधार लिईने छ। नतीजा तथा योग्यताक्रम प्रकाशन सम्वन्धी सूचना विश्वविद्यालयको वेवसाईटमा पनि राखिने छ।

८) भर्ना कोटा

प्रवेश परीक्षामा उत्तिर्ण हुने परीक्षार्थीहरुको योग्यताक्रम अनुसार खाली रहेको आरक्षण कोटा र विश्वविद्यालय वा कलेज विकास कोष (UDF/CDF) कोटामा भर्ना हुने प्रक्रिया निर्धारण गरिएको छ।

९) भर्ना शुल्क, भर्ना प्रकृया तथा विद्यार्थी भर्ना तालिका

भर्ना शुल्क, भर्ना प्रकृया तथा विद्यार्थी भर्ना तालिका पछि प्रकाशित गरिने छ।

१०) थप जानकारीहरु यस संकायको सूचना पाटी वा www.mau.edu.np बाट वा टेलिफोन नं. ०३१–५९०५५५ वा ५९०५५७ मा फोन गरी प्राप्त गर्न सकिनेछ।

..........................

डा श्रीभगवान ठाकुर

रजिष्ट्रार



CS Scanned with CamScanner